# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

राजस्व प्रशासन तालिम केन्द्र र नेपाल विकास बैंक संघले संयुक्त रुपमा वैशाख २२ गते "Merger in Nepalese Context : Prospects & Challenges" विषयक अन्तरक्रिया आयोजना गऱ्यो ।

उक्त अन्तरक्रियाको उद्घाटन उपप्रधान तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले गर्नुभएको थियो । सो अवसरमा उहाँले नेपाली वित्तीय बजारको अवस्था एवं बजार मागको आधारमा नेपाली वित्तीय संस्थाहरूको मर्ज शुरु गर्ने उपयुक्त समय आएको बताउनुभयो । उहाँले भन्नुभयो, "कतिपय संस्थामा देखिएका समस्या समाधान गर्न र प्रतिस्पर्धी बन्न मर्जर आवश्यक छ ।"

कार्यक्रमका प्रमुख अतिथि गभर्नर डा. युवराज खतिवडाले विश्व व्यापार सङ्गठनको प्रावधान अनुसार नेपालमा विदेशी बैंक तथा वित्तीय संस्थाका शाखा खुल्न सक्ने भएकाले स्वदेशी बैंक तथा वित्तीय संस्थाहरूको प्रतिस्पर्धात्मक तथा सञ्चालन क्षमता अभिवृद्धि गर्न मर्जर आवश्यक रहेको बताउनुभयो ।




बैंक तथा वित्तीय संस्थाहरूको तर्फबाट पनि मर्जरको आवश्यकता महसुस गरिए पछि केन्द्रीय बैंकले यस सम्बन्धी प्रक्रिया अघि बढाएको चर्चा गर्दै गभर्नर डा. खतिवडाले बैंक तथा वित्तीय संस्थाको स्वतःस्फूर्त व्यवसाय गर्न पाउने व्यवस्था विपरितको मर्जर प्रावधान नल्याइने स्पष्ट पार्नुभयो ।

हाल नेपाली वित्तीय बजारमा व्यावसायिक कार्यकारी प्रमुखका साथै सञ्चालकहरूको अभाव रहेको र निक्षेप बढ्न नसकेको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले निक्षेप आकर्षित गर्ने नाममा केही बैंक तथा वित्तीय संस्थाहरूले जनमानसमा भ्रम सिर्जना हुने गरी ल्याइएका निक्षेप योजना प्रति असन्तोष व्यक्त गनुभयो । यस्ता योजनाले वित्तीय क्षेत्रप्रतिको जनविश्वास घटाउने उहाँको धारणा थियो ।

भौगोलिक अवस्थिति र कार्य क्षेत्र विस्तारका हिसाबले क्षेत्रीय ग्रामीण विकास बैंकहरू मर्ज भएर राष्ट्रिय स्तरको विकास बैंक बन्न सक्ने सम्भावना व्यक्त गर्दै गभर्नर डा. खतिवडाले यस कार्यमा केन्द्रीय बैंक नियमन व्यवस्थामा लचिलो भई सहयोग गर्न इच्छुक रहेको बताउनुभयो ।

अन्तरक्रियामा उठेका जिज्ञासाको जवाफमा डेपुटी गभर्नर श्री महाप्रसाद अधिकारीले देशमा बैंक तथा वित्तीय संस्थाहरूको संख्यामा वृद्धि भएपछि मर्ज गरेर भए पनि तिनीहरूलाई सक्षम र सबल बनाउनु पर्छ भन्ने हिसाबले पूँजीगत आधारमा यस सम्बन्धी अप्रत्यक्ष व्यवस्था नेपाल राष्ट्र बैंकले लागु गर्दै आएको उल्लेख गर्नुभयो । विश्वको लागि मर्जर सामान्य व्यावसायिक क्रियाकलाप भइसकेको चर्चा गर्दै उहाँले सफल मर्जरका लागि सबैको प्रतिबद्धता र सकारात्मक सोचको आवश्यकता रहने बताउनुभयो ।

कार्यक्रममा अर्थमन्त्रालयका वरिष्ठ आर्थिक सल्लाहकार श्री केशव आचार्य, नेपाल विकास बैंक संघका अध्यक्ष श्री झपटबहादुर बोहरा तथा महासचिव श्री दीपेन्द्र कार्की र नेपाल वित्त कम्पनी संघका अध्यक्ष श्री राजेन्द्रमान शाक्यले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

अन्तरक्रियामा राजस्व प्रशासन तालिम केन्द्रका वरिष्ठ प्रशिक्षक श्री वासुदेव शर्माले "Merger of Financial Institutions in Nepal" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने नारायणी नेशनल फाइनान्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री उमेश भण्डारीले नारायणी फाइनान्स र नेशनल फाइनान्स कम्पनी मर्जरको अनुभव सुनाउनुभएको थियो ।

अन्तरक्रियामा विभिन्न विकास बैंक तथा वित्त कम्पनीका ४० जना उच्च अधिकारीहरूको सहभागिता रहेको थियो ।

गभर्नरको कार्यालय